# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## उत्कृष्ट कृषक छनौटमा आवेदन पेश गर्ने सम्बन्धि सूचना
**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/१०/१७ गते)**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि तथा पशुपंक्षी विकास तर्फको चालू आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत उपमहानगरपालिका क्षेत्र भित्रका व्यावसायिक कृषकहरु (कृषि तथा पशुपालन) मध्येबाट उत्कृष्ट कृषक छनौट गरी पुरष्कृत गर्ने कार्यक्रम रहेको हुंदा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र देहायको शर्तहरुको आधारमा उपमहानगरपालिकाबाट उपलब्ध हुने तोकिएको ढांचामा विवरण तयार गरी आवश्यक कागजात सहित हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा मा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

क) व्यावसायिक कृषि / पशुपालन फर्म दर्ता प्रमाण पत्र लगायत कागजातको प्रतिलिपी (नविकरण सहित) ।

ख) सम्बन्धित् वडा कार्यालयको सिफारिस पत्र ।

ग) उत्कृष्ट कृषक हुनको लागि गरेको योगदान र आधार सहितको स्वघोषणा ।

२. उत्कृष्ट कृषक छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

३ रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

४. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।